# स्कूल कार्ड के हो ?

स्कूल कार्डले विद्यालय शुल्क तिर्नलाई आर्थिक सहयोग प्रदान गर्दछ।



**कसले आवेदन हाल्न मिल्छ ?**
स्कूल कार्डको लागि योग्य हुन, तपाईंको परिवारको आय एउटा निश्चित सीमा भन्दा कम हुनुपर्छ। यो सीमा तपाईंको हेरचाहमा कति बालबालिका छन् भन्नेमा भर पर्छ।

तपाईं निम्न मध्ये कम्तिमा एउटा प्रकृयामा **पनि** पर्नुपर्छ:

- चार वर्ष वा सोभन्दा माथिको उमेरको बच्चा वा बालबालिका हुनुपर्छ जो पूर्ण समय स्कूल जाने गर्छन्
- १०, ११ वा १२ कक्षामा अध्ययनरत स्वतन्त्र (अरुले हेरचाह गर्नु नपर्ने) पूर्ण-समय विद्यार्थी हुनुपर्छ
- SACE (कक्षा ११ र १२) मा पुन:प्रवेस गरेर कुनै विषयहरू सक्नलाई पढ्दै गरेको वयस्क विद्यार्थी हुनुपर्छ।

तपाईंले थप जानकारी पाउन र स्कूल कार्डको लागि आवेदन हाल्न यहाँ हेर्न सक्नुहुन्छ:
www.sa.gov.au/education/schoolcard

**म स्वीकृत भएँभईन भन्ने कसरी थाहा हुन्छ?**
तपाईंले आवेदन हालेपछि चिठ्ठी पाउनु हुनेछ जुनमा तपाईंको आवेदन स्वीकृत भयो भएन भन्ने जानकारी हुनेछ। कृपया ध्यान दिनुहोस्, विद्यार्थी परिचयपत्र स्कूल कार्ड होइन।

**आवेदन हाल्न मलाई कसले मद्दत गर्न सक्छ ?**
यदि तपाईं थप जानकारी वा स्कूल कार्डको लागि आवेदन दिन मद्दत चाहनुहुन्छ भने, कृपया आफ्नो बच्चाको स्कूलको कार्यालयमा जानुहोस् र यो पर्चा देखाउनुहोस्।

**नमस्ते! मलाई स्कूल कार्डको आवेदन दिन मद्दत चाहियो।**